अनुसूची- ८(ख)

**दोस्रो चौमासिक प्रगति प्रतिवेदन-२०७३**

१. आव. २०७३/०७४
२. ३५८०१७३
३. मन्त्रालय : सूचना तथा सञ्चार मन्त्रालय
४. कार्यक्रम/आयोजनाको नाम : प्रेस काउन्सिल सुदृढीकरण
५. आयोजना/कार्यालय प्रमुखको नाम : वोर्णवहादुर कार्की
६. यस अवधिको बजेट (रु) : १२१४३।-
(क) आन्तरिक (१) नेपाल सरकार : रु. ४६७,९२।-
(२) संस्था :
(३) जनसहभागिता :
(ख) वैदेशिक (१) ऋण :
(२) अनुदान : रु. ४६७,९२।-
७. यस अवधिको खर्च (रु) ८३६६।-

(क) आन्तरिक (१) नेपाल सरकार : रु ४६७,९२।-
(२) स्थानीय निकाय/संस्था : रु.
(३) जनसहभागिता :
(ख) वैदेशिक :
(१) ऋण :
(२) अनुदान :रु. ४६७,९२।- (वार्षिक)
८. चौमासिक/वार्षिक बजेटको तुलनामा वित्तिय खर्च प्रतिशत : **६८.८९%**
९. सुरुदेखि यस अवधिसम्मको कुल खर्च प्रतिशत (कुल लागतको तुलनामा) :
१०. वितेको समय प्रतिशतमा (कुल अवधिको तुलनामा)
११. सुरुदेखि यस अवधिसम्मको भौतिक प्रगति प्रतिशत :**९६.५०%**

(रकम रु हजारमा)

| क्र.सं | कार्यक्रम/क्रियाकलाप | एकाइ | खर्च शिर्षक | वार्षिक लक्ष्य | | | दोस्रो चौमासिक/लक्ष्य | | | दोस्रो चौमासिक प्रगति | | | प्रतिवेदनअवधिसम यसआ.व.कोप्रगति (भौतिक) | | आयोजनाको कुलमध्ये हालसम्म | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिणम | भार | बजेट | परिणाम | भार | बजेट | परिणाम | भारित | बजेट | परिणम | भारित | सम्पन्न परिणाम | भारित प्रतिशत | |
| १ | २ | ३ | | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| | (आ) **चालु खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | | | | | | | | |
| १ | सफ्टवेयर इन्जिनियर(व्यक्ति करार | जना | २६४१२ | १ | .६३ | २.९३ | | .२१ | .९७ | | .१६ | | | .१२ | | ७५ | |
| २ | छापा (ना.सु. व्यक्ति करार) | जना | २६४१२ | २ | .९६ | ४.५१ | | .३२ | १.५ | | .३२ | | | .३२ | | १०० | |
| | टेलिभिजन (ना.सु. व्यक्ति करार) | जना | २६४१२ | १ | .४८ | २.२६ | | .१६ | .७५ | | .१६ | | | .१६ | | १०० | |
| | अनलाइन (ना.सु. व्यक्ति करार) | जना | २६४१२ | १ | .४८ | २.२६ | | .१६ | .७५ | | .१६ | | | .१६ | | १०० | |
| | रेडियो (ना.सु. व्यक्ति करार) | जना | २६४१२ | १ | .६८ | २.२६ | | .१६ | .७५ | | .१६ | | | .१६ | | १०० | |
| | सरकारी निकाय समिति एवं बोर्डहरुलाई निःशर्त सरकरी निकाय, समिति एवं बोर्डहरुलाई निःशर्त ( कर्मचारी सुविधा) | पटक | २६४११ | १ | ५४.५ | २५५ | | १८.८८ | ८८.३४ | | १६.९९ | ७९५० | | ८९.९९ | | ९० | |
| | डाटा स्टोरेज(सरकारी निकाय समिति एवं बोर्डलाई निःशर्त अनुदान (कर्मचारी सुविधा) | संख्या | २६४११ | १ | ५.३४ | २५ | | ० | ० | | ० | ० | | ० | | ० | |
| | अन्तरक्रिया कार्यक्रम (सरकारी निकाय समिति एवं बोर्डलाई निःशर्त अनुदान (कर्मचारी सुविधा) | पटक | २६४११ | १ | १०.६९ | ५० | | ० | ० | | ० | ० | | ० | | ० | |
| | सवारी साधन (हल्का सवारी साधन) | वटा | २६४२२ | १ | १२.८२ | ६० | | ० | ० | | ० | ० | | ० | | ० | |
| | सर्भर कार्यालय संचालनसंग सम्वन्धी यन्त्र उपकरण तथा मेशीन औजार | वटा | २६४२२ | १ | २.१४ | १० | | २.१४ | १० | | २.१४ | | | २.१४ | | १०० | |
| | कम्प्युटर कार्यालय संचालनसंग सम्वन्धी यन्त्र उपकरण तथा मेशीन औजार | वटा | २६४२२ | ५ | .९ | ३ | | .२१ | १ | | .२१ | | | .२१ | | १०० | |
| | ल्यापटप कार्यालय संचालनसंग सम्वन्धी यन्त्र उपकरण तथा मेशीन औजार | वटा | २६४२२ | १ | .२१ | .७ | | .१५ | .७ | | .१५ | | | .१५ | | १०० | |
| | विद्युतीय संचार माध्यम अनुगमनकोलागि डेडिकेटेड इन्टरनेट संचार सम्वन्धी यन्त्र उपकरण | पटक | २६४२२ | १ | ६.०१ | २० | | १.४३ | ६.६७ | | १.४३ | ४१६ | | १.४३ | | १०० | |
| | सोलार प्यानल जडान (विद्युत एवं विजुली उत्पादनसंग सम्वन्धी यन्त्र उपकरण तथा मेशीन औजार यन्त्र | संख्या | २६४२२ | १ | ९.०१ | ३० | | २.१४ | १० | | - | - | | - | | — | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च कार्यक्रमको जम्मा | | | | ९९.९९ | ४६७.९२ | | २५.९६ | १२१४३ | | २१.८५ | ८३६६ | | २९.९६ | | ९६.५०% | |
| | कुल जम्मा खर्च | | | | १०० | ४६७.९२ | | २५.९६ | १२१४३ | | २१.८५ | ८३६६ | | २९.९६ | | ९६.११% | |

चौमासिक प्रगति गणना गर्दा प्रतिवेदन अवधिको भारित प्रगति : हरफ (ग) को महल ११/८X१००

वार्षिक प्रगति गणना गर्दा प्रतिवेदन अवधिको प्रगति हरफ (ग) को महल ११/५ X१००

**द्रस्टव्य**

१. सालवसाली कार्यक्रमहरुको हकमा महल १४ र १५ भर्नुपर्दैन ।
२. वार्षिक लक्ष्य प्रगति प्रस्तुत गर्दा महल ७, ८ र ९ भर्नुपर्दैन ।
३. वार्षिक लक्ष्य, प्रगति प्रस्तुत गर्दा सो आ.व.को प्रगति महल १२ र १३ भर्नुपर्दैन ।

रा.यो.आ. (केअमू) फा.नं. २
पाना नं. ३/३

**आयोजनाको समस्यासम्बन्धी विवरण**

| क.सं. | आयोजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्या | समस्या देखापर्नुका कारणहरु | समस्या समाधान गर्न गरिएका प्रयासहरु | मविसस समिति ९:ब्ब्ऋ० मा प्रस्तुत गनुपर्ने देखिएका समस्याहरु | समस्या समाधानको लागि सुझाव |
|---|---|---|---|---|---|
| १. | २. | ३. | ४. | ५. | ६. |
| १ | विद्युत डेडिकेटेड पावर सप्लाइ | नियमित विद्युत सप्लाइ भएको कारण हाल अघि नबढेको | - | - | - |
| | | | | | |
| | | | | | |

यो पानाअनुसारको विवरण भरी चौमासिक/वार्षिक अवधिका साथै २/२ महिनामा बस्ने मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) मा पेश गर्न मन्त्रालयमा पठाउनुपर्नेछ ।

तयार गर्नेको नाम, पद र दस्तखत :
मिति :

आयोजना/कार्यालय प्रमुखको नाम, पद र दस्तखत :
मिति :

प्रमाणित गर्नेको नाम, पद र दस्तखत
मिति :

**प्रेस काउन्सिल नेपाल**
**खण्ड-(क)**
**संक्षिप्त जानकारी**

१. **पृष्ठभूमि :**

सञ्चारमाध्यमको अनुगमन, मूल्यांकन गरी मर्यादीत तथा जिम्मेवार बनाउन प्रेस काउन्सिल नेपालको महत्वपूर्ण भूमिका रहेको छ । प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम, पत्रकारिताको पेशागत उच्चतम आचरण कायम राखी स्वस्थ,स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्धनको लागि प्रेस काउन्सिलको स्थापना भएको र यसैकालागि क्रियाशील गरहेको छ ॥

२. **दृष्टिकोण :(vision)**

पत्रकार आचारसंहिताको पालनाबाट मर्यादित, जिम्मेवार पत्रकारिताको विकास गर्ने ।

३. परिदृश्य: (**Mission)**

प्रेस स्वतन्त्रताको संरक्षण संवर्द्धन गर्दै पत्रकार आचारसंहिता पालना गर्न उत्प्रेरित गर्नुका साथै नेपाल सरकार र सञ्चार माध्यामका बीच पुलको रुपमा क्रियाशील रही मर्यादित र उत्तरदायी पत्रकारिताको विकासद्वारा राष्ट्रिय विकासको लक्ष्य हासिल गर्नु ।

४. **उद्देश्य :**

१. स्वस्थ पत्रकारितको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने ।
२. प्रेस स्वतन्त्रताको दुरुपयोग हुन नदिन पत्रकारिता सम्वन्धी आचार संहिता तोक्ने ।
३. प्रेस र नेपाल सरकारवीच सौहाद्रपूर्ण सम्बन्ध कायम राख्ने ।
४. सार्वजनिक नैतिकता र नागरिकहरुको मर्यादा कायम राख्न लगाउने ।
५. प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशिल रहने ।
६. प्रत्येक कार्य प्रेस तथा पत्रकारिताको वस्तुस्थितिकोबारेमा मूल्यांकनसहितको प्रतिवेदन सरकारसमक्ष पेश गर्ने

५. **प्रमुख क्रियाकलापहरु** :

१. सञ्चारमाध्यमको आचारसंहिता अनुगमन गर्ने
२. आचारसंहिता जागरण र प्रचारप्रसार कार्यक्रम गर्ने
३. पत्रकारिता सम्वन्धी समसामयिक विषयमा मिडिया सम्वाद गर्ने
४. पत्रकारिता सम्वन्धी विषय समेटी त्रैमासिक जर्नल एवम् अन्य प्रकाशन प्रकाशित गर्ने
५. पत्रपत्रिका वर्गीकरण गर्ने
६. विधागत पत्रकारितामा पुरस्कार प्रदान गर्ने
७. पत्रपत्रिका स्क्यानिङ गरी अभिलेख राख्ने
८. मिडिया विकास कोष साथै पत्रकार कल्याण कोष बृद्धि गरी सेवा दिने

६. **काम, कर्मव्य र अधिकार :**

**प्रेस काउन्सिल ऐन,२०४८ अनुसार देहायको काम, कर्तव्य रहेको छ ।**

- पत्रकारिता सम्वन्धी नीतिलाई समय समयमा अवलोकन गरी सम्वन्धित क्षेत्रको राय सल्लाह लिई नेपाल सरकारलाई सुझाव दिने ।

- स्वस्थ पत्रकारिताको विकास गर्न पत्रकारिता सम्वन्धी आचार संहिता तयार गरी लागु गर्ने
- पत्रकारिताको विकासका लागि नेपाल सरकारलाई सुझाव दिने ।
- पत्रकारिताको वितरण स्थितिको अद्यावधिक अभिलेख राख्ने ।
- पत्रपत्रिकामा प्रकाशित समाचारसंग सम्वन्धित बिषयलाई लिएर कसैले काउन्सिलमा उजुरी दिएमा सो सम्वन्धमा आवश्यक कारवाही गर्ने ।
- पत्रपत्रिको गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन एवं मूल्यांकनसहितको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ।
- पत्रपत्रिकामा प्रकाशित असामाजिक र आपपत्तजनक कुराहरुको सम्वन्धमा छानविन गर्ने ।

**७. कानुनी व्यवस्था :**

काउन्सिलसंग सम्बन्धित विभिन्न ऐन, नियम, विनियमावली हरु देहायनुसार छन् :

- प्रेस काउन्सिल ऐन, २०४८
- प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९
- प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनियमावली, २०५४ (संशोधनसहित)
- प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली, २०५७
- प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार विनियमावली ,२०५६
- प्रेस काउन्सिल मिडिया विकास कोष विनियम ,२०५१
- पत्रकार आचारसंहिता, २०७३
- प्रेस काउन्सिल नेपाल खरिद विनियमावली , २०६४
- प्रेस काउन्सिल नेपाल खर्च निर्देशिका , २०६९
- पत्रपत्रिका वर्गीकरण मापदण्ड, २०६९

## खण्ड-(ख)

**आ.व. २०७३/७४ मा सञ्चालित विकास आयोजना/कार्यक्रमहरुको दोस्रो चौमासिक प्रगति विवरण :**

| | |
|---|---|
| १. निकाय | : प्रेस काउन्सिल नेपाल |
| २. आयोजना/कार्यक्रम | : प्रेस काउन्सिल सुदृढीकरण |
| ३. प्राथमिकता | : P2 |
| ४. वार्षिक विनियोजन (रु. हजारमा) | :रु. ४६७,९२।- |
| नेपाल सरकार | : रु. ४६७,९२।- |
| वैदेशिक ऋण | : |
| संस्थाको आन्तरिक श्रोत | : |
| ५.चौमासिक निकासाः | : रु.११०७४।- |
| ६.चौमासिक खर्च : | : रु.८३६६।-(आन्तरिकतर्फसमेत) |
| ७. वित्तिय प्रगति प्रतिशत | : **६८.८९%** |
| ८. मुख्य मुख्य भौतिक प्रगति/उपलब्धी प्रतिशत | : **९६.५०%** |

**१.)बजेट कार्यक्रमतर्फको प्रगति :**

१.१) **सफ्टवेयर इन्जिनीयर लगायत छापा, टेलिभिजन, अनलाइन, रेडियो,** अनुगमनका लागी ना.सु स्तराका एक/एक जनाका दरले ५ जना व्यक्ति सेवा करारमा लिइ मिडिया अनुगमन कार्य भै रहेको र सिष्टम इन्जिनीयर सेवा करारमा लिन प्रक्रिया प्रारम्भ भएको ।

**१.२) विद्युतीय उपकरण/औजार (संचारमाध्यम अनुगमनउपकरण) र अन्य :**

कम्प्युटर, ल्यापटप खरिदका लागि लागत अनुमान (स्पेशिफिकेशन) तयार भै खरिदको लागि सिलबन्दी दरभाउपत्र आब्हान भएको ।

१.३) **डेडिकेटेड इन्टरनेट जडान** : विद्युतीय मिडियाको निरन्तर अनुगमनकालागि डेडिकेटेड इन्टरनेट सेवा जडान भै कार्य प्रारम्भ भै सकेको छ ।

१.४) **विद्युतीय डेडकेटेडलाइन जडान** : विद्युतीय मिडिया अनुगमनकालागि डेडिकेटेड विद्युत आपूर्तिका लागि विद्युत प्राधिकरणसँग अनुरोध गरिएकोमा हाल विद्युत आपूर्ति नियमित भै रहेको सन्दर्भमा यो प्रक्रिया यथास्थितिमा रेहेको छ ।

१.५) सर्भर र सवारी साधन खरिदकोलागि टेण्डर आब्हान भै सकेकोछ ।

२. अन्य प्रगति :

२.१) **पत्रपत्रिका वर्गीकरण :**

आ.व. २०७१/०७२ अवधिको पत्रपत्रिका वर्गीकरणका लागि आवेदन दिने ९१० पत्रिका वर्गीकरण सम्वन्धी कार्य सम्पन्न भएको र आ.व. २०७२/०७३ को वर्गीकरणका लागि आवेदन फाराम भर्न सूचना आब्हान भएको । धुनषा, सर्लाही, बारा, पर्सा, रसुवा, धादिङ, नुवाकोट, बाँके, वर्दिया, कैलाली कंचनपुर जिल्लामा पत्रपत्रिकाको बजार अनुगमन गरिएको ।

२.२)**आचारसंहिता अनुगमन :**

पत्रकार आचारसंहिता उल्लङ्घनका सम्बन्धमा सचिवालयबाट दैनिक अनुगमन कार्य भइरहेको छ । पत्रकार आचारसंहिता उल्लङ्घन गरेको पाएमा तत्काल कारवाहीका लागि प्रक्रिया प्रारम्भ गर्ने गरिएको छ । विद्युतीय मिडियाबाट पत्रकार आचारसंहिता पालन भए/नभएको सम्वन्धमा साँझ-विहान रेकर्ड गरी अनुगमन भै रहेको छ । यसको लागि छुट्टा छुट्टै कार्य समूह गठन गरिएको छ । पत्रकार आचरसंहिता २०७३ कार्यान्वयन पश्चात, छापा र विद्युतीयसञ्चार माध्यम र पत्रकारलाई आचारसंहिता पालनका लागी सजकता अपनाउन पत्राचार, छलफल , अन्तरक्रिया कार्यक्रम सञ्चालन हुँदै आएको छ । गोरखा, लामजुङ, रुपन्देही, कपिलवस्तु, रसुवा, धादिङ, नुवाकोट, बाँके, वर्दिया, कैलाली कंचनपुर जिल्लामा पत्रकार आचारसंहिता कार्यक्रम सम्पन्न भएएको छ ।

यस अवधिमा स्वअनुगमनको आधारमा आचारसंहिता उल्लंघनका विषयमा ६ वटा सञ्चारमाध्यमलाई पत्राचार गरिएको छ ।

त्यसैगरी, आचारसंहिता उल्लंघनका विषयमा परेका ३४ वटा उजुरीका सम्वन्धमा आवश्यक छानविन भई कारवहीका लागि पत्राचार गरिएको छ । आचारसंहिता उल्लंघनका विषयमा परेको उजुरीका विषयमा गरिएको पत्राचारको सन्दर्भमा जवाफ पनि प्राप्त भै रहेका छन् । विभिन्न क्षेत्रबाट ७ वटा जनगुनासो पनि प्राप्त भएको छ

२.३) **प्रकाशन :**

"संहिता" त्रैमासिक जर्नलको ३१ औं अंक प्रकाशन भएको छ र संहिताको ३२ औं अंक प्रकाशनको अन्तिम चरणमा पुगेको छ ।

२.४) **सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन :**

काउन्सिलमा नेटवर्किङ्ग सम्वन्धी काम भईरहेको छ । विभिन्न विधामा अध्ययन/अनुसन्धानका लागि अध्ययन गर्न आउने सेवाग्राहीलाई आवश्यकता अनुसार पुराना पत्रिकाको अभिलेखको इमेज डाटा तथा प्रिन्ट उपलब्ध गराउने कार्य भइरहेको छ । पुराना पत्रपत्रिकाको अभिलेख व्यवस्थित गर्न विद्युतीय प्रविधि (आर्काइभ प्रणाली) द्वारा संरक्षण गरिएको छ । विद्युतीय सञ्चारमाध्यमहरु रेडियो, टेलिभिजन र अनलाइनको आचारसंहिता सम्वन्धी विषयमा विभिन्न समूह बनाई साँझ-विहान अनुगमनको काम भैरहेको छ । अनलाइन सूचीकरणको कार्य भै रहेको छ । यो चौमासिकमा १०४ थप सूचीकरणका लागि प्राप्त भै हालसम्म जम्मा सूचीकरणको लागि ५७३ अनलाइन सेवा प्रदायबाट निवेदन प्राप्त भएको छ ।

## २.५)मिडिया विकास कोष :

प्रेस काउन्सिल नेपालअन्तर्गत रहेको मिडिया विकास कोष उपसमितिले मोफसलको पत्रकारिता क्षेत्रको विकासका लागि अफसेट प्रेस स्थापना गर्न, एफएम उपकरण खरीद गर्न लिएको वैंक ऋणमा व्याज अनुदान उपलब्ध गराउँदै आइरहेको छ । प्रेस काउन्सिल नेपाल, मिडिया विकास कोषबाट यस अवधिमा ब्याज अनुदान, मिडियाका उपकरण खरिद र सञ्चारकेन्द्रको स्थापनाका लागि देहायनुसार आर्थिक सहयोग उपलब्ध गराईएको छ ।

| क्र.सं. | संस्था एवं व्यक्ति | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | रोल्पा समाचार, रोल्पा | रु २४,६२४।- | ब्याज अनुदान |
| २. | मध्यविन्दु अफसेट प्रेस, नवल परासी | रु. ३०,८२१।- | ब्याज अनुदान |
| ३. | टिकापुर दैनिक , कैलाली | रु. २१,७८०।- | ब्याज अनुदान |
| ४ | मुस्ताङ अफसेट प्रेस, मुस्ताङ | रु. ७०,०३३ | ब्याज अनुदान |
| ५ | मध्यविन्दु अफसेट प्रेस, मुस्ताङ मुस्ताङ | रु. ३०,५८२।- | ब्याज अनुदान |
| ६ | समिभेरी मिडिया हाउस | रु. ७३,२७० | ब्याज अनुदान |
| ७ | दिपक न्यौपाने , सिन्धुपाल्चोक | रु २४,६२४।- | प्रेस उपकरण |
| ८ | टिका सुवेदी ,, | रु. ३१,८३४।- | प्रेस उपकरण |
| ९ | टिकाराम सुनुवार कैलाली | रु. २३,८४३।- | प्रेस उपकरण |
| १० | कृष्णप्रसाद अधिकारी बाँके | रु. २३,००० | प्रेस उपकरण |
| ११ | मेघराज खतिवडा रुकुम | रु. २४,९७३।- | प्रेस उपकरण |
| १२ | रमेश न्यौपाने काभ्रे | रु. २५,००० | प्रेस उपकरण |
| १३ | सुभास खतिवडा धादिङ | रु. ३४,३०० | प्रेस उपकरण |
| १४ | राजाराम शर्मा | रु. ३४,३००।- | प्रेस उपकरण |
| १५ | सञ्चार केन्द्र , चितवन | रु. १,५०,००० | संचारकेन्द्र स्थापना अनुदान |
| | | रु. ६,२१,११२।- | |

## २.६) प्रेस क्लिपिङ सेवा :

पत्रपत्रिकाहरुमा प्रकाशित समाचार, लेख, रचना एवं सूचनाहरुको दैनिक रुपमा क्लिपिङ तयार गरी सम्बन्धित ग्राहकहरुलाई प्रदान गरिर्दै आएको छ । सरकारी र गैर-सरकारी कार्यालयहरुले प्रेस क्लिपिङ सेवाको उपभोग गरिरहेका छन् । क्लिपिङ सेवा प्राप्त गर्ने संस्थाहरुको संख्या ५९ रहेको छ । यस अवधिमा डिजिटल प्रेस क्लिपिङ सेवा सञ्चालनको शुभारम्भ भएको छ ।

## २.७) पत्रकार कल्याण कोष :

पत्रकार कल्याण कोषबाट देहायका १० जना बिरामी पत्रकारलाई औषधि उपचारकालागि रु. ३५,००० आर्थिक सहयोग उपलब्ध गराइएको छ ।

| क्र.सं. | पत्रकारको नाम | जिल्ला | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नरवहादुर रिजाल | दैलेख | ७,००० ।- | |
| २ | सिर्जना सुवेदी | कपिलवस्तु | १२,००० ।- | |
| ३ | बनारसी शर्मा | कपिलवस्तु | १०,००० ।- | |
| ४ | लिलामनी आचार्य | कपिलवस्तु | १५,००० ।- | |

| | | | | |
|---|---|---|---|---|
| ५ | कृष्ण आचार्य | खोटाङ | १२,०००।- | |
| ६ | उमेश दाहाल | सिन्धुली | १५,०००।- | |
| ७ | गोविन्द वि.क. | झापा | ८,००० ।- | |
| ८ | ज्ञान उदास | संखुवासभा | १३,००० ।- | |
| ९ | कमराज पौडेल | प्युठान | १३,००० ।- | |
| १० | तिलक अधिकारी | मकवानपुर | १६,०००।- | |
| | | जम्मा | १,२१,००० | |

२.८) पत्रकारिता क्षेत्रकै सबैभन्दा ठूलो राशीको प्रेस काउन्सिल सानिमा बैंक राष्ट्रिय पत्रकारिता पुरस्कार रु. ५ लाख स्वर्गीय पत्रकारद्वय सञ्जय न्यौपाने, काठमाडौ र कर्ण बोहरा, कञ्चनपुरलाई प्रदान गर्ने निर्णयानुसार निजका आफन्तलाई उक्त पुरस्कार प्रदान गरिएको छ ।

२.९) प्रेस काउन्सिल नेपालको पहलमा सार्कस्तरीय प्रेस काउन्सिल गठन सम्वन्धी अवधारण अघि बढेको । यसै विषयमा छलफल गर्न प्रेस काउन्सिल नेपालको निमन्त्रणामा बंगलादेश, भारत, साइप्रसबाट प्रेस काउन्सिलका पदाधिकारीहरुसहितको टोलीले गत पौष २७ देखि माघ २ गतेसम्म ५ दिने नेपालभ्रमण गरेको थियो । भ्रमणको अवसरमा सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री माननीय सूचना तथा सञ्चार मन्त्रीसँग शिष्टाचार भेटघाट र छलफल भएको थियो । काउन्सिलमा सार्कस्तरीय प्रेस काउन्सिल गठनका सम्वन्धमा बैठक सम्पन्न भएको । साथै सार्क सचिवालयमासमेत भेटघाट भएको थियो । उक्त भ्रमणटोलीले काठमाडौं, चितवन, पोखरा भ्रमण गरेको थियो ।

२.१०) पत्रकार स्तम्भ निर्माण र अनावरण :

काउन्सिल परिसरमा दिवंगत पत्रकारहरुको सम्झनामा स्तम्भ निर्माण गरी सम्माननीय प्रधानमन्त्रीबाट अनाबरण गरिएको छ ।

यो चौमासिकमा सम्पन्न कार्यक्रमको विवरण

| सि.नं | कार्यक्रमको नाम | आयोजक | मिति | विषय |
|---|---|---|---|---|
| १० | भारतीय प्रेस काउन्सिलको स्वर्ण जयन्तीमा अध्यक्ष, सदस्य र मु.अ.सहित ५ जना सहभागि | नयाँ दिल्ली | ०७३ मंसिर १ गते | नयाँ दिल्ली भारत |
| ११ | अध्यक्ष, सदस्य किशोर श्रेष्ठ, महेन्द्र विष्ट, गोविन्द प्र. चौलागाई र मु. अ.को भ्रमण | बंगालदेश | ०७३ मंसिर २१-२५ गते | बंगलादेश प्रेस का.को निमन्त्रणमा MOU मा दुवैदेशका अध्यक्षको हस्ताक्षर |
| १२ | गोरखा बागलुङ भ्रमण, सदस्य खिलबहादुर भण्डारी र लेखा अधिकृत | काउन्सिल | ०७३ मंसिर २२-२८ गते | मिडिया सम्वाद र आचारसंहिता |
| १३ | चिनीया पत्रकारको नेपाल भ्रमण | काउन्सिल हल | ०७३ मंसिर३० गते | नेपाली पत्रकार र चिनिया पत्रकार बीच अन्तरक्रिया |
| १३ | चितवन भ्रमण | काउन्सिल | ०७३ मंसिर २३-२५ गते | पत्रपत्रिकाको बजार अनुगमन |
| १४ | प्रेस काउन्सिलको आयोजनामा | सू.विभाग हलमा | ०७३ मंसिर २३-२५ गते | पत्रकारितामा महिला पत्रकारको अवस्था र चुनौती |
| १५ | प्रेस काउन्सिलको आयोजनामा | काउन्सिल हलमा | ०७३ पुस ३ गते | विद्युतीय संचारमाध्यम अनुगमन डिभाइस संचारमंत्रीबाट उद्घाटन |
| १६ | प्रेस काउन्सिलको आयोजनामा | राष्ट्रपति भवनको हलमा | ०७३ पुस ५ गते | सानिमा बैंक पत्रकारिता पुरस्कार वितरण |
| १७ | प्रेस काउन्सिलको आयोजनामा | काउन्सिल भवनको हलमा | ०७३ पुस १८ गते | प्रेस काउन्सिल मिडिया विकास कोष छात्रवृत्तिको VIVA |

| | | | | |
|---|---|---|---|---|
| १८ | प्रेस काउन्सिलको आयोजनामा | बुटवल र कपिलवस्तु | ०७३ पुस १९-२४ गते | प्रेस काउन्सिल, मिडिया सम्वाद कार्यक्रम |
| १९ | प्रेस काउन्सिलको आयोजनामा | काठमाडौमा काउन्सिलको हल | ०७३ पुस २८गते | विश्व प्रेस काउन्सिलका प्रतिनिधिसंग काठमाडौ र चितवन र पोखरामा अन्तरक्रिया कार्यक्रम |
| २० | प्रेस काउन्सिलको आयोजनामा | एयरपोट होटलको हल | ०७३ माघ २३गते | अललाइन प्रेस क्लिपिङ सेवा उद्घाटन |
| २१ | प्रेस काउन्सिलको आयोजनामा | काउन्सिलको हल | ०७३ माघ २७गते | विधागत पत्रकारितासँग सम्वन्धित संघ संस्थसँग अन्तरक्रिया |
| २२ | प्रेस काउन्सिलको आयोजनामा | पत्रकार स्तम्भ अनावरण | ०७३ फागुन १० गते | प्रेस काउन्सिल नेपाल बगैंचामा |
| २३ | पत्रकार आचारसंहिता र वर्गीकरण अन्तरक्रिया कार्यक्रम | प्रेस काउन्सिल र ने.प.म.संघ धादिङ, नुवाकोट,रसुवाको आयोजनामा | ०७३ फागुन २४ देखि २९ गते | पत्रकार आचारसंहिता अन्तरक्रिया र मिडिया अनुगमन |
| २४ | पत्रकार आचारसंहिता र वर्गीकरण अन्तरक्रिया कार्यक्रम | प्रेस काउन्सिल र ने.प.म.संघ दाङ,प्युठान,रुपन्देहीको आयोजनामा | ०७३ चैत देखि १५ गते | पत्रकार आचारसंहिता अन्तरक्रिया र मिडिया अनुगमन |
| २५ | पत्रकार आचारसंहिता र वर्गीकरण अन्तरक्रिया कार्यक्रम | प्रेस काउन्सिल र ने.प.म.संघ कैलाली, कंचनपुर, बाँके बर्दियामा आयोजना | ०७३ चैत देखि गते | पत्रकार आचारसंहिता अन्तरक्रिया र मिडिया अनुगमन |
| २६ | पत्रकार आचारसंहिता र वर्गीकरण अन्तरक्रिया कार्यक्रम | काउन्सिल र ने.प.म.संघसंखुवासभा, सोलु, खोटाङ, भोजपुरकोआयोजना | ०७३ चैत १९देखि २४ गते | पत्रकार आचारसंहिता अन्तरक्रिया र मिडिया अनुगमन |

**अन्य प्रगति**

भौतिक प्रगति (प्रतिशत): ९६.५०%

१. शतप्रतिशत भौतिक प्रगति हुन नसक्नाका कारण :

(क) विद्युतको डेडिकेटड लाइन जडान हाल विद्युत आपूर्ति नियमित भएका कारण रोकिएको ।

(ख) मिडिया क्षेत्रको बढ्दोक्रमले आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाउन प्रयाप्त जनशक्ति नहुनु ।

२. वित्तीय र भौतिक प्रगतिमा अन्तर देखिनाको कारण :

(क) कार्य सम्पन्न भएका केही कामहरुको भूक्तानी भै नसकेको कारणले वित्तिय र भौतिक प्रगतिमा अन्तर देखिएको छ ।